# नेपाल सरकारको प्रस्तावित औद्योगिक क्षेत्रमा केही भू-माफियाहरुले सरकारी जग्गा अतिक्रमण गरेको सम्बन्धमा

## छानविन प्रतिवेदन

### १. उजुरीको संक्षिप्त व्यहोराः

तुल्सीपुर उपमहानगरपालिका १६ स्थित राप्ती ववई क्याम्पस हुँदै ग्वारखोला पक्की पुल साईपुर वेलझुण्डी अन्तर्गत पुल उत्तर दक्षिण तर्फ रहेको नेपाल सरकारको प्रस्तावित औद्योगिक क्षेत्रमा केही भू-माफियाहरु वर्षात भण्डारी र जगतराम चौधरी लगायतका व्यक्तिहरुले सरकारी जग्गा अतिक्रमण गरेकोले कारवाही गर्नुहुन भन्ने उजुरी केन्द्रमा प्राप्त हुन आएकोले उजुरी उपर स्थलगत अध्ययन गरी प्रतिबेदन पेश गर्ने ।

### २. छानविनवाट प्राप्त तथ्यगत विवरणः

तुल्सीपुर उप-महानगरपालिका नगर कार्यपालिकाको मिति २०७६/१/१९ को ५७ औं बैठकको निर्णय नं १५ वाट तुलसीपुर उपमहानगरपालिका क्षेत्रको तपसिलका वडाका स्थानहरुमा रहेको खाली जग्गालाई उद्योग ग्राम स्थापनाका लागि घरेलु तथा साना उद्योग कार्यालय दाङमा पठाउने भनि निर्णय गरेको देखिन्छ।

**<u>तपसिल</u>**

१. वडा नं. ३ को नवयुवा टोलको रेउले टोल तल तिरको जग्गा

२. वडा नं. २ को घोर वण्डा

३. वडा नं. १० को वेलगनार क्षेत्र

४. वडा नं. १३ को भञ्याङ डाँडा क्षेत्र

**५. वडा नं. १६ को जहदा गाउँ मजगाउँ**

- उक्त निर्णय भएपश्चात स्थानिय ब्यक्तिहरुले उक्त वडा नं १६ अन्तर्गत ग्वार खोलाको पक्की पुल देखि साईपुर बेलझुण्डी जोड्ने सडकको दाँया वायाँ ग्वार खोलाको किनारको करिव १००० विगाहा जग्गा कव्जा गरी ईटाको घरटहरा वनाएको देखिन्छ।
- त्यसैगरी नगर कार्यालिकाको मिति २०७६/७/१ को ७० औ बैठकको नर्णिय नं ७ मा तुलसीपुर उपमहानगरपालिकाको स्वामित्वमा दर्ता श्रेष्ता कायम रहेका जग्गाहरुमा विभिन्न ब्यक्ति बिशेषले अतिक्रमण गरी पक्की घर समेत निर्माण गरेको भनि अमिनको प्रतिबेदन

समेतका आधारमा अबैध रुपमा अतिक्रमण गरी वनाईएका घरहरु भत्काउने एवं तुलसीपुर उपमहानगरपालिका वडा नं. १६ जगत गाउँ नजिक ग्वारखोला पुल उत्तर दक्षिण क्षेत्र लगायतका क्षेत्रका जग्गाहरको अतिक्रमण रोक्न तथा अतिक्रमण हटाउन २१ दिनको भत्काउने वा अतिक्रमण रोक्ने आदेश सहितको सार्वजनिक सूचना जारी गर्ने र नभत्काएमा वा अतिक्रमण नरोकेमा सरोकारीत सबै पक्ष निकायमा पत्राचार गर्ने भनि निर्णय भएको देखिन्छ ।

- त्यसैगरी नगर कार्यपालिकाको मिति २०७६/८/३० को ७३ औं बैठकको नर्िणय नं. १४ मा तुल्सीपुर उपमहानगरपालिका वडा नं. १६ को ग्वार खोला पुल नजिक जहदागाउँमा औद्योगिक क्षेत्र निर्माण तथा सार्वजनिक प्रयोजनमा ल्याउने भनि नगर कार्यपालिकाको पूर्ववत बैठकले निर्णय गरेकोमा उक्त सार्वजनिक ऐलानी प्रति (वगर) जग्गामा केही ब्यक्तिहरुले अनाधिकृत रुपमा अतिक्रमण गरेको जानकारी प्राप्त भएको तथा उक्त अतिक्मित क्षेत्र संरक्षणगर्ने भनि ७० औं नगर कार्यपालिका बैठकले समेत निर्णय गरेकोले सोको समस्या समाधान, ब्यबस्थापन र आबस्यक परामर्श गरी अतिक्रमित जग्गा संरक्षण गर्न तुलसीपुर उपमहानगरपालिका वडा नं १६ का वडा अध्यक्षको संयोजकत्वमा ५ सदस्यिय समिति गठन गरेको देखिन्छ ।
- उक्त जग्गामा भएको अतिक्रमण रोक्न स्थानीयहरुले विभिन्न मितिमा तुलसीपुर उपमहानगरपालिकामा समेत निबेदन दिएको देखिन्छ ।
- तुलसीपुर उपमहानगरपालिकाको च.नं. ७७८ मिति २०७६/५/३० को पत्रवाट अतिक्रमण भएको घर टहरा हटाउन भनि श्री ईलाका प्रहरी कार्यालयलाई पत्राचार गरेको संलग्न कागजातहरुवाट देखिन्छ ।
- मिति २०७६/७/३ मा सार्वजनिक जग्गा खाली गर्न उपमहानगरपालिकाले सार्वजनिक सूचना जारी गरेको देखिन्छ ।
- तुलसीपुर उपमहानगरपालिकाको च.नं. १२५२ मिति २०७६/७/७ को पत्रवाट मिति २०७६/७/८ गते उक्त स्थानका घर टहरा हटाउन सहयोग गर्न भनि श्री ईलाका प्रहरी कार्यालय, तुलसीपुर, श्री शसस्त्र प्रहरी बेश क्याम्प, तुलसीपुर र श्री जिल्ला प्रशासन कार्यालय दाङलाई पत्राचार गरेको देखिन्छ ।
- त्सैगरी मिति २०७६/९/२१ मा अतिक्रमित जग्गा खालि गर्ने ७ दिने म्याद समाप्त भएकोले पुनः घरटहरा हटाई सार्वजनिक जग्गा संरक्षण गर्न आवस्यक सहयोग गर्न भनि श्री

जिल्ला प्रशासन कार्या:य, दाङ, श्री जिल्ला प्रहरी कार्यालय, दाङ, श्री ईलाका प्रहरी कार्यालय, तुलसीपुर र श्री सशस्त्र प्रहरी वल वेश क्याम्प तुलसीपुरलाई पत्राचार गरेको देखिन्छ ।

- उल्लेखित निकायका प्रतिनिधि सहितले स्थलगत अवलोकन तथा अतिक्रमण गर्ने ब्यक्तिहरुसंग छलफल गर्दा स्थानीयहरुले आफू दनिय अवस्थामा रहेको तथा आफूहरु सुकुम्वासी भएकोले उचित बन्दोबस्त गरीदिन अनुरोध गरेको भन्ने संलग्न कागजातहरुवाट देखिन्छ ।
- सोही ब्यहोराको उजुरी श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा समेत परी उक्त आयोगको च.नं. ११८८४ मिति २०७६/९/१३ को पत्रवाट आबस्यक कारवाहीको लागि तुलसीपुर उपमहानगरपालिकामा पठाएको देखिन्छ ।
- उक्त अतिक्रमित जग्गाको सम्वन्धमा केन्द्रवाट खटी गएको छानबिन टोलीले स्थलगत अवलोकन गर्दा उजुरीमा उल्लेखित जग्गामा भर्खरै ईटाको जस्ताले छाएको सयौ घरहरु निर्माण गरी सार्वजनिक जग्गा अतिक्रमण गरेको देखिन्छ ।स्थलगत अवलोकनको क्रममा स्थानीयहरुले उक्त जग्गा सार्वजनिक भएको र हालसालै उक्त जग्गा कब्जागरी बसेको भन्ने जानकारी गराएका थिए ।साथै घर टहरा वनाई अतिक्रमण गर्ने ब्यक्तिहरुसंग यथार्थ के हो भनि बुझ्दा उक्त जग्गा हामीले धेरै समय पहिलेवाट जोतभोग गर्दै आएकोमा हाल नगरपालिकाले जबरजस्ती औंद्योगिक क्षेत्र निर्माण गर्न लागेकोले वाध्य भई घर/टहरा वनाई वसेको भन्ने जानकारी गराएका ।
- सोही बिषयमा वडा नं. १६ का वडा अध्यक्ष संग बुझ्दा ग्वारखोलामा पक्की पुल बनिसकेपछी एकाएक घर/टहरा वनाउन शुरु भएको पछी प्रहरीको सहयोगमा घर/टहरा भत्काईएकोमा हाल रातारात घर टहरा निर्माण भैरहेको सो क्रम हालसम्म पनि जारी रहेको । उक्त क्षेत्रको केही जग्गा हालका नगर कार्यपालिकाका सदस्य दिपक कुमालले लाल वहादुर सार्कीलाई रु ४ लाखमा विक्री गरेको समेत जानकारी छानबिन समितिलाई जानकारी गराएको । साथै उक्त कव्जा भएको जग्गा रातारात बिक्री हुने गरेको जानकारी वडा अध्यक्षले गराएका । हालसम्म प्राप्त जानकारी अनुसार ईश्वरी भण्डारी, हुकुम खड्का र लाल वहादुर वि.क.ले नियम बिपरीत जग्गा किनेको जानकारी हुन आएको तर को संग किनेको भन्ने निजहरुले नवताएको समेत जानकारी हुन आएको कुरा समेत जानकारी छानबिन समितिलाई गराएको ।

- यसरी हेर्दा उक्त क्षेत्रको सार्वजनिक जग्गा अबैध रुपमा कब्जा गर्ने र नियम बिपरीत भित्रभित्रै बेचबिखन समेत भएको देखिएकोले यसमा जिम्मेवार निकाय बेलैमा सजक भएको देखिदैन । यस सम्वन्धमा आबस्यक जाँचबुझ गरी अबैध कब्जा र बेचविखन नियन्त्रण गरी सार्वजनिक जग्गाको संरक्षण हुनुपर्ने देखिन्छ ।

## ३. सुझावहरु

उल्लेखित स्थानमा रहेको करिव १००० (एक हजार) विगाहा जग्गा नियम विपरीत कब्जा गर्ने र भित्रभित्रै बेचविखन समेत भएको पाईएकोले सार्वजनिक जग्गा कब्जा गर्ने र बेचविखन गर्ने समेतलाई कारवाही गरी सार्वजनिक जग्गाको उचित संरक्षण गर्ने व्यवस्था मिलाउन सम्बन्धित निकायलाई निर्देशन दिन मनासिव हुने देखिन्छ ।

## ४. राष्ट्रिय सतर्कता केन्द्रको मिति २०७६।११।१२ को निर्णयः

दाङ तुल्सीपुर उपमहानगरपालिका १६ स्थित ग्वारखोला पक्की पुलको उत्तर दक्षिण फैलिएको सार्वजनिक जग्गा अतिक्रमण सम्बन्धी उजुरीको छानविन गरी प्रतिवेदन पेश गर्न गठित छानविन टोलीबाट पेश भएको छानविन प्रतिवेदनका सम्बन्धमा छलफल गर्दा सार्वजनिक जग्गाको संरक्षण गर्ने दायित्व सम्बन्धित प्रमुख जिल्ला अधिकारी र स्थानीय तहको भएको विद्यमान कानूनी व्यवस्थाबाट देखिएको हुँदा प्रचलित कानूनको अधिकार प्रयोग गरी सार्वजनिक जग्गा पूर्ण रुपमा संरक्षण गर्नु गराउनु हुन भनी प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, दाङ र तुल्सीपुर उपमहानगरपालिकालाई निर्देशन दिई सोको जानकारी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ५, बुटवललाई दिई उजुरीको लगत कट्टा गर्ने निर्णय गरियो ।